# भरतपुर महानगरपालिका
## नगर कार्यपालिका बैठकका प्रस्ताव एवं निर्णयहरु
### (बैठक सङ्ख्याः १२१, बैठक मितिः २०८३।०३।२२ गते सोमबार, दिनको १:०० बजे)

| क्र.सं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १. | गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशालाको सिर्जित सम्पत्ति खरिद सम्बन्धमा । | आ.व. २०८२।०८३ मा सङ्घीय सरकारबाट हस्तान्तरित सशर्त अनुदान तर्फको पूँजीगत बजेट शीर्षक गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशालाको (इन्जिनियरिङ मूल्याङ्कनको आधारमा) सिर्जित सम्पत्ति खरिद भनी बजेट विनियोजन भएकोमा धुर्मुस सुन्तली फाउण्डेशन र यस महानगरबीच मिति २०७८।१०।२० मा सम्झौता हुँदाका बखतमा दायित्व भुक्तानी सम्बन्धी कुनै बुँदा नराखिएको, सिर्जित सम्पत्ति खरिद गर्ने भनी प्रचलित कानूनहरुमा कुनै व्यवस्था भएको नपाइएको, क्रिकेट रङ्गशाला निर्माण हुँदा सामान आपूर्ति गर्ने बिक्रेता तथा व्यवसायीहरुले महानगरपालिकालाई समेत विपक्षी बनाई चितवन जिल्ला अदालतमा मुद्दा दायर गरेका र सो मुद्दा विचाराधीन अवस्थामै रहेको, सिर्जित सम्पत्ति खरिद गर्दा कुन प्रक्रिया अवलम्बन गर्ने भनी तालुक मन्त्रालयहरुमा निर्देशनको लागि पत्राचार हुँदा कहिँ कतैबाट उपयुक्त लिखित निर्देशन तथा निर्णय प्राप्त गर्न नसकिएको विद्यमान अवस्थामा सम्मानित जिल्ला अदालतबाट हुने फैसला बमोजिम कार्यान्वयन हुने नै हुँदा सो भन्दा अघि पनि गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशालाको सिर्जित सम्पत्ति खरिद गर्न तालुक मन्त्रालयबाट कुनै लिखित निर्देशन वा निर्णय आएमा सोही बमोजिम गर्ने निर्णय गरियो । |
| २. | स्रोतान्तर सम्बन्धमा । | महानगरपालिकाको आ.व.२०८२/८३ को आन्तरिक राजश्व प्रक्षेपण गरेको भन्दा न्युन सङ्कलन भएकाले आ.व.२०८२/८३ का योजना तथा कार्यक्रमको बिल भुक्तानीमा समस्या उत्पन्न भएको हुँदा मालपोत कार्यालय, भरतपुर बाट स्थानीय राजश्व बाँडफाँटमा जम्मा भएको रकम रु १० करोड ४ लाख १४ हजार ७३ रुपैया मात्र आन्तरिक आयस्रोतमा आम्दानी जनाई खर्च गर्न स्रोत सोधान्तर गर्ने । |

भरतपुर महानगरपालिका

नगर कार्यपालिका बैठकका प्रस्ताव एवं निर्णयहरु

(बैठक सङ्ख्याः १२१, बैठक मितिः २०८३।०३।२२ गते सोमबार, दिनको १:०० बजे)

| | | |
|---|---|---|
| ३. | विविध । | |
| क. | IEE प्रतिवेदन सम्बन्धमा । | प्रारम्भिक वातावरणीय परीक्षण समितिबाट सिफारिस भएका देहाय अनुसारका तीनवटा IEE प्रतिवेदन स्वीकृत गर्ने ।<br>देहाय |
| ख. | चोक सुधार कार्यक्रम सञ्चालन सम्बन्धमा । | भरतपुर महानगरपालिका भित्र रहेका विभिन्न चोकहरु निजि क्षेत्र सँगको सहकार्यमा सुधार गरी सौन्दर्यीकरण प्रवर्द्धन गर्न वातावरण तथा विपद व्यवस्थापन महाशाखाबाट कार्यविधि तयार गरी लागू गर्ने । |

देहाय (क.)

| IEE प्रतिवेदनको नाम | स्थान | वार्षिक उत्खन्न गर्ने परिमाण (घ. मि.) |
|---|---|---|
| भरतपुर महानगरपालिका वडा नं. १६ स्थित नारायणी नदी भएर बग्ने सिद्धिगणेश घाटबाट दिगो तथा वातावरण मैत्रिरुपले ढुङ्गा गिट्टि तथा बालुवा (नदीजन्य पदार्थ) संकलन/उत्खन्न । | वडा नं. १६, सिद्धिगणेश घाट | ५३१०१.७१२ |
| भरतपुर महानगरपालिकाको वडा नं. १६ स्थित नारायणी नदी भएर बग्ने सेतीदेवी घाट बाट दिगो तथा वातावरणमैत्रिरुपले ढुङ्गा गिट्टि तथा बालुवा (नदीजन्य पदार्थ) संकलन/उत्खन्न । | वडा नं. १६, सेतीदेवी घाट | ६८४६९.२४ |
| भरतपुर महानगरपालिकाको वडा नं. १७ स्थित नारायणी नदी भएर बग्ने मझुवा घाट बाट दिगो तथा वातावरण मैत्रिरुपले ढुङ्गा गिट्टि तथा बालुवा (नदीजन्य पदार्थ) संकलन/उत्खन्न । | वडा नं. १७, मझुवा घाट | ७७,४००.०० |

भरतपुर महानगरपालिका

नगर कार्यपालिका बैठकका प्रस्ताव एवं निर्णयहरु

(बैठक सङ्ख्याः १२१, बैठक मितिः २०८३।०३।२२ गते सोमबार, दिनको १:०० बजे)

| | | |
|---|---|---|
| ग. | शोक प्रस्ताव तथा आर्थिक सहायता सम्बन्धमा। | भरतपुर महानगरपालिका वडा नं. २३, बेलहट्टा निवासी स्व. आशिका बोटे र निजको नाबालक सन्तान स्व. भरत बोटेको मिति २०८३/०३/२०गते राति चितवन राष्ट्रिय निकुञ्जबाट आएको जंगली हात्ती (ध्रुवे) को आक्रमणबाट भएको असामयिक निधनप्रति गहिरो दुःख व्यक्त गर्दै दिवंगत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्ने, शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्ने तथा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक प्रस्ताव पारित गर्ने ।<br>साथै, मृतकको श्रीमान् पुनु बोटेलाई मृतकहरुको काज किरिया तथा आवास व्यवस्थापनको लागि रु दुई लाख मात्र आर्थिक सहायता तथा आवश्यक सामाग्री उपलब्ध गराउने । |
| घ. | रजिष्ट्रेशन छुट सिफारिस सम्बन्धमा । | भरतपुर महानगरपालिका वडा नं. २० मा दर्ता भएको रोयल रिफाईनरी प्रा.लि. ले खाद्य तेल उत्पादनको लागि उद्योगको नाममा जग्गा खरिद गर्न लागेकोले बागमती प्रदेश आर्थिक ऐन बमोजिम रजिष्ट्रेसन गर्दा प्राप्त गर्ने ५०% छुट उपलब्ध गराउन भूमि प्रशासन कार्यालय, चितवनलाई सिफारिस गर्ने । |
| ङ. | EIA (वातावरणीय प्रभाव मूल्याङ्कन) को म्याद थप सम्बन्धमा । | देहाय अनुसारका EIA (वातावरणीय प्रभाव मूल्याङ्कन) को म्याद २०८३ माघ मसान्त सम्म थप गर्ने।<br>क. गौतम बुद्ध अन्तर्राष्टिय क्रिकेट रंगशाला निर्माण तथा सञ्चालन<br>ख. भरतपुर महानगरपालिका प्रशासकीय भवन निर्माण तथा सञ्चालन |
| च. | भुक्तानी सम्बन्धमा । | ठेक्का नं. 37-BMC/081/082/W/SQ-63 सँग सम्बन्धित जब्का देखी ईको पार्क जाने सडकमा कल्भर्ट निर्माण वडा नं. २५ कार्य तोकिएको अवधि भित्र निर्माण सम्पन्न नभएकोले निर्माण व्यवसायी सिर्जनसिल निर्माण सेवा, सुर्खेत लाई १०% पुर्व निर्धारित क्षतिपूर्ति लिई नियमानुसार भुक्तानी दिने । |